# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन ५ गते

## राय सुझाव संकलनका क्रममा भएको झडपको घटनाप्रति आयोगको गम्भिर ध्यानाकर्षण ।

संविधानको पहिलो मस्यौदाका विषयमा जनताको राय सुझाव संकलनको क्रममा देशका विभिन्न स्थानमा भएका झडपको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

धनुषा, पर्सा, रौतहट, सिरहा सप्तरी, ताप्लेजुङ्ग काठमाडौं, नुवाकोट, मकवानपुर, भक्तपुर लगायतका जिल्लाहरुमा सुझाव संकलनका क्रममा भएका घटनाले नागरिकको स्वतन्त्र ढंगबाट संविधानको मस्यौदामाथि आफ्नो सुझाव दिने अधिकार कुण्ठीत हुन पुगेको आयोगको ठहर छ । विचार तथा अभिव्यक्ति स्वतन्त्र पूर्वक राख्न पाउने अधिकारबारे संचेत हुन आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

सरकार र सुरक्षा निकायले संयमित ढंगबाट समस्याको हल गर्नुको सट्टा प्रर्दशनकारीप्रति बल प्रयोग गरेको घटनाले मानव अधिकार हनन हुन गएको आयोगको भनाई छ ।

नागरिकले निर्वाध ढंगबाट संविधानको पहिलो मस्यौदामाथी आफ्नो सुझाव र अभिमत राख्ने वातावरण निर्माण गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

सुझाव संकलनका क्रममा झडप हुँदा घाइते भएकाहरुको प्रभावकारी उपचार तथा दोषीको पहिचान गरी कारबाही गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

संविधान निर्माणको ऐतिहासिक घडिमा सबै नागरिकले आ,आफुलाई लागेको सुझाव र प्रतिक्रिया स्वतन्त्र र निर्भयका साथ राखेर संविधान निर्माण कार्यलाई आ-आफ्नो ठाउँबाट सहयोग पुर्‍याउन आयोग सम्बन्धित निकायलाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org